शिक्षा ऐन, २०२८, (संशोधनसहित) को दफा ११(च) को उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशको १, २ र ३ बमोजिम माध्यमिक तह (साविक कक्षा ९-१०) मा कार्यरत अस्थायी शिक्षकहरुले मात्र प्रतिस्पर्धा गर्न पाउने लिखित परीक्षाको पाठ्यक्रम

## लिखित परीक्षा योजना

यस पाठ्यक्रमलाई दुई भागमा बाँडिएको छ।

१ .लिखित परीक्षा -पूर्णाङ्क १०० **उत्तीर्णाङ्क : ४०**

२ .अन्तर्वार्ता - पूर्णाङ्क २५

## लिखित परीक्षा

**समय : ३ घण्टा**

| खण्ड | विषय | परीक्षा प्रणाली | अङ्क भार | प्रश्न सङ्ख्या | समय |
|---|---|---|---|---|---|
| क | शिक्षासम्बन्धी : आधारभूत ज्ञान, पाठ्यक्रम तथा शिक्षण विधि र प्रविधि | वस्तुगत/ बहुवैकल्पिक | ४० | ४० X १ | ४५ मिनेट |
| ख | सम्बन्धित विषयवस्तुको ज्ञान | विषयगत | ६० | ६ X १० | २ घण्टा १५ मिनेट |
| जम्मा | | | १०० | ४६ | |

**द्रष्टव्य :**

१. खण्ड **क** र **ख** का उत्तरपुस्तिहरु अलग अलग हुनेछन्।
२. वस्तुगत र बिषयगत परीक्षा एकैपटक सञ्चालन हुने छ।
३. लिखित परीक्षाको माध्यम अङ्ग्रेजी वा नेपाली वा दुबै भाषा हुनेछ। भाषा विषयहरूका हकमा सम्बन्धित भाषामा नै उत्तर दिनुपर्नेछ।
४. यो पाठ्यक्रम मिति २०७३/१२/०२ गतेदेखि लागु हुनेछ।
५. खण्ड **क** बमोजिमको वस्तुगत प्रश्न सबै विषयका लागि एउटै हुनेछ।
६. खण्ड **ख** को सबै विषयको विषयगत प्रश्न सामान्यतया सबै एकाइलाई समेटिने गरी सोधिने छ।

शिक्षा ऐन, २०२८, (संधोधनसहित) को दफा ११(च) को उपदफा (१) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशको १, २ र ३ बमोजिम माध्यमिक तह (साविक कक्षा ९-१०) मा कार्यरत अस्थायी शिक्षकहरुले मात्र प्रतिस्पर्धा गर्न पाउने लिखित परीक्षाको पाठ्यक्रम

## खण्ड ख : सम्बन्धित विषयको ज्ञान                पूर्णाङ्क - ६०

## विषय - स्वास्थ्य, जनसंख्या र वातावरण (साविक कक्षा ९-१०)

### १ स्वास्थ्य शिक्षा

१.१ स्वास्थ्यको आधुनिक अवधारणा, निर्धारक तत्त्वहरू र आयामहरू

१.२ मानसिक स्वास्थ्य : अर्थ, विशेषता, अस्वस्थताका कारण, सूचक, प्रकार र स्वस्थता कायम गर्ने आधारहरू

१.३ व्यक्तिगत स्वास्थ्य तथा यसका आधारभूत पक्षहरू

१.४ पोषण सम्बन्धी विश्वास र अन्धविश्वास, सन्तुलित भोजन तथा स्थानीय स्तरमा यसको योजना

१.५ तयारी खाजा (Junk food) को अर्थ, यसबाट हुने हानी र बाल बालिकालाई सुरक्षित गर्ने उपायहरू

१.६ सरुवा रोग सर्ने कारण, लक्षण, सर्ने माध्यम, बच्ने तथा रोगथामका उपायहरू

१.७ नसर्ने रोगहरूको कारण, लक्षण तथा बच्ने तथा रोकथामका उपायहरू

१.८ प्रमुख यौनजन्य रोगहरूको कारण, लक्षण, बच्ने तथा रोकथामका उपायहरू

१.९ किशोरावस्था र यौन तथा प्रजनन स्वास्थ्यको अवधारणा र महत्त्व

१.१० किशोरावस्थाका शारीरिक तथा मनोवैज्ञानिक परिवर्तनहरू, समस्याहरु र व्यवस्थापनका उपायहरू

१.११ मातृ शिशु स्याहार तथा प्रजनन् अधिकार र कानुनी व्यवस्था

१.१२ सुरक्षा शिक्षा तथा प्राथमिक उपचार : अवधारणा, उद्देश्य र प्राथमिक उपचार प्रक्रिया

१.१३ प्राथमिक स्वास्थ्य हेरचाह : अर्थ, महत्त्व, तत्त्वहरू, रणनीतिहरू  र यसका चुनौतीहरू

### २ जनसङ्ख्या शिक्षा

२.१ जनसाङ्खिकी : परिचय, तथ्याङ्कका स्रोतहरू, जनसङ्ख्यामा परिवर्तन ल्याउने कारक तत्त्वहरू

२.२ बसाइ सराइ तथा यसबाट पर्ने असर

२.३ जनसाङ्खिकी मापन र जनसङ्ख्या व्यवस्थापन

२.४ जनसङ्ख्या वृद्धिको परिणाम र व्यवस्थापन

२.५ जनसङ्ख्याको आकार, सहरीकरण, यसले पार्ने प्रभाव तथा समाधानका उपायहरु

२.६ पारिवारिक र सामुदायिक स्वास्थ्यको अर्थ, महत्त्व र ध्यान दिनुपर्ने पक्षहरू

२.६ पारिवारिक जीवन शिक्षा, गुणस्तरीय जीवन, पारिवारिक योजना तथा अभिभावकको उत्तरदायित्त्व

२.७ वृद्ध र वृद्धा : शारीरिक तथा मनोवैज्ञानिक परिवर्तन, सामाजिक सुरक्षा र व्यवस्थापन

२.८ गुणस्तरीय जीवन : तत्त्व, आधार, सुःखी जीवनका सूचकहरू र मानव विकास सूचकाङ्क

## ३ वातावरण शिक्षा

३.१ वातावरण शिक्षाको अर्थ, महत्त्व र मार्गदर्शक सिद्धान्तहरू

३.२ वातावरणीय ह्रासको अर्थ, कारण तथा संरक्षणका उपायहरू

३.३ वातावरणीय प्रदुषणका कारण, स्वास्थ्यमा पर्ने प्रभाव र प्रदुषण न्यून गर्ने उपायहरू

३.७ सामाजिक र सांस्कृतिक वातावरण : अर्थ, महत्व र स्वास्थ्यमा पार्ने प्रभाव

३.८ विद्यालयमा भौतिक र मानसिक वातावरण : अर्थ, महत्त्व, आधारभूत तत्त्वहरू र व्यवस्थापनका उपायहरु

३.९ ठोस फोहोर वस्तु : अर्थ, वर्गीकरण र उचित विसर्जन

३.१० खाने पानीको शुद्धीकरण र उचित आवास गृहको प्रबन्ध

३.११ वातावरणको विश्वव्यापी समस्या, स्थिति, मौसम परिवर्तन, ओजोन तहको विनास

३.१२ विश्वव्यापी उष्णता, हरित गृह प्रभाव, अम्ल वर्षा

३.१३ जैविक विविधताको अवधारणा, प्रकार र संरक्षणका उपायहरू

३.१४ पारिस्थितिक प्रणालीको अवधारणा, महत्त्व र संरक्षणका उपायहरू

३.१५ दिगो विकासको अवधारणा, सिद्धान्त र प्रयोग